# फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लि.को
# चौधौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**शेयरधनी महानुभावहरु,**

यस लघुवित्त वित्तीय संस्था लि.को सञ्चालक समितिको मिति २०८० साल मंसिर २९ गते शुक्रवार बसेको २१२ औं बैठकको निर्णयानुसार कम्पनीको चौधौं वार्षिक साधारण सभा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकाले सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थितिका लागि अनुरोध गर्दछौं ।

मिति: २०८० पुष २८ गते शनिबार (तदनुसार जनवरी १३, २०२४)
समय: बिहान १०.०० बजे
स्थान: आम्रपाली ब्याङ्केट, भाटभटेनी, काठमाडौं ।

**छलफलका विषयहरु**

**क) सामान्य प्रस्ताव**

१) आर्थिक वर्ष २०७९/८० को सञ्चालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण (वासलात) तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने ।

३) सञ्चालक समितिवाट प्रस्ताव गरिएको यस संस्थाको चुक्ता पूँजीको ७.५ प्रतिशतले हुने रु. ८,६०,८०,९४६ (अक्षरेपि आठ करोड साठी लाख असी हजार नौ सय छयालीस मात्र) नगद लाभांश पारित गर्ने ।

४) कम्पनीको आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण कार्यका लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**ख) विशेष प्रस्ताव**

५) संचालक समितिबाट प्रस्ताव गरे अनुसार यस संस्थाको चुक्ता पूँजीको ७.५ प्रतिशतले हुने रु. ८,६०,८०,९४६ (अक्षरेपि आठ करोड साठी लाख असी हजार नौ सय छयालीस मात्र) बरावरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

६) कम्पनीको अधिकृत, जारी तथा चुक्ता पूँजी रु. १,१४,७७,४५,९५६ (अक्षरेपी एक अर्ब चौध करोड सतहत्तर लाख पैतालीस हजार नौ सय छपन्न) बाट वृद्धि गरी रु. १,२३,३८,२६,९०२ (अक्षरेपी एक अर्ब तेईस करोड अठतिस लाख छब्बिस हजार नौ सय दुई) पुऱ्याउने ।

७) सञ्चालकहरुको बैठक भत्ता पुनरावलोकन गर्ने ।

८) उपरोक्त प्रस्तावहरु बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने तथा सोही सम्बन्धमा नियमनकारी निकायबाट भएको निर्देशनलाई समेत समावेश गरी संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग) विविध**

९) सञ्चालकहरुको नियुक्ति अनुमोदन गर्ने ।

First Microfinance

सञ्चालक समितिको निर्णयानुसार
कम्पनी सचिव

## साधारण सभा सम्वन्धी सामान्य जानकारी

१ साधारण सभा प्रयोजनको लागि मिति २०८०/०९/१२ गते एक दिन लघु वित्त वित्तीय संस्थाको शेयरधनी दर्ता किताव/शेयर दाखिल खारेज दर्ता वन्द रहने छ । मिति २०८०/०९/११ सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोवार भई मिति २०८०/०९/१८ गतेसम्म यस लघु वित्त वित्तीय संस्थाको शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापिटल लिमिटेड, नक्शाल काठमाडौंमा प्राप्त शेयर नामसारीको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सभामा भाग लिन योग्य हुनु हुन्छ ।

२ सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभाको दिन सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा सभा हुने दिन विहानः ९ बजे देखि सभा सञ्चालन रहे सम्म खुल्ला रहने छ ।

३ सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीका लागी साधारण सभा वस्ने मिति, समय, स्थान र छलफलका विषयहरू सहितको सूचना र संक्षिप्त वार्षिक आर्थिक विवरणहरु यस लघु वित्त वित्तीय संस्थाको वेबसाइट www.fmdb.com.np मा प्रकाशित गरिएको छ । सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूले संलग्न प्रवेश पत्रको साथै हितग्राहि खाता खोलिएको (डिम्याट)/शेयर प्रमाणपत्र र आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै नागरिकताको प्रमाण पत्र वा अन्य कुनै परिचय पत्र) सभा हुने दिन अनिवार्य रुपमा साथमा लिइ आउनु हुन अनुरोध छ ।

४ सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले सो सम्बन्धी निवेदन सभा हुनु भन्दा ४८ घण्टा अगावै अर्थात मिति २०८० साल पुष २६ गते विहान १०.०० वजे भित्रै लघु वित्त वित्तिय संस्थाको रजिष्टर्ड कार्यालय ज्ञानेश्वर, काठमाडौंमा दर्ता गराइ सक्नु पर्ने छ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत लघु वित्त वित्तिय संस्थाको शेयरधनी हुनु आवश्यक छ ।

५ प्रतिनिधि मुकरर गर्दा सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ । एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि मुकरर गरेमा जुन प्रोक्सी लघु वित्त वित्तिय संस्थाको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुने छ ।

६ प्रतिनिधि नियुक्त गरी सक्नु भएका शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी कितावमा दस्तखत गर्नु भएमा अघि मुकरर गरिएको प्रतिनिधि स्वतः वदर हुने छ ।

७ प्रतिनिधि मुकरर गरिएको शेयरको प्रोक्सी बदर गरीपाँउ भनी शेयरधनीले निवेदन पेश गरेको अवस्थामा उक्त मुकरर गरिएको प्रतिनिधि स्वतः वदर हुनेछ साथै अर्को प्रतिनिधि मुकरर गरिएको अवस्थामा पछिल्लो मुकरर प्रतिनिधि कायम हुने छ ।

८ नाबालक शेयरधनीको तर्फबाट लघु वित्त वित्तिय संस्थाको शेयर लगत कितावमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले भाग लिन वा प्रतिनिधि तोक्न सक्नु हुने छ ।

९ शेयरधनीहरूले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरूको सम्वन्धमा सञ्चालक समितिको तर्फबाट सामूहिक रुपले अध्यक्षले वा अध्यक्षबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्ने छन् ।

१० छलफलको विषय अन्तर्गत विविध शीर्षक सम्वन्धमा शेयरवाला महानुभावहरूले छलफल गर्न चाहनुभएको विषय वारेमा साधारण सभा हुनु भन्दा कम्तिमा ७ दिन अघि लघु वित्त वित्तिय संस्थाको रजिष्टर्ड कार्यालय मार्फत लघु वित्त वित्तिय संस्थाको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु पर्ने छ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रूपमा समावेश गरिने छैन ।

११ कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन शेयरधनीहरूले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा लघु वित्त वित्तिय संस्थाको रजिष्टर्ड कार्यालयवाट उपलब्ध हुने छ ।

१२. माथि दफाहरुमा उल्लेखित दिनमा कुनैपनि सार्वजनिक विदा पर्न गएमा पनि सो दफाहरुमा उल्लेखित प्रयोजनको निमित्त तोकिएको समय सीमा सम्म कम्पनी कार्यालय खुल्ला रहने छ ।

First Microfinance

# *प्रोक्सी फारम (प्रतिनिधि पत्र)*

श्री सञ्चालक समिति
फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेड
ज्ञानेश्वर, काठमाडौं ।

**विषय : प्रतिनिधि नियुक्त गरेको बारे ।**

महाशय,

...................... प्रदेश ...................... जिल्ला ............................ न.पा./गा.पा./उपम.न.पा./म.न.पा. वडा नं. ............ बस्ने म/हामी ......................................................................ले त्यस कम्पनीको शेयरवालाको हैसियतले मिति २० / / / गते हुने वार्षिक साधारणसभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नको लागि ................. प्रदेश ............................ जिल्ला ...................... न.पा./गा.पा./उपम.न.पा./म.न.पा. वडा नं. .......... बस्ने त्यस कम्पनीका शेयरधनी श्री ............................................. लाई मेरो/ हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

| **प्रतिनिधि नियुक्त भएको** | **प्रतिनिधि नियुक्त गर्नेको** |
|---|---|
| नामः | नाम :- |
| दस्तखत नमूना :- | दस्तखत :- |
| ठेगाना :- | ठेगाना :- |
| शेयरधनी नं./ हितग्राही खाता नं. :- | शेयरधनी नं./ हितग्राही खाता नं. :- |
| मिति :- | शेयर संख्याः- |

*द्रष्टव्य : यो निवेदन साधारण सभा हुनु भन्दा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) को नाम उल्लेख गरेमा प्रतिनिधि फारम रद्ध गरिनेछ ।*

# फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेड

को
वार्षिक साधारण सभामा उपस्थितिको लागि

## प्रवेश पत्र

| | | |
|---|---|---|
| १ | शेयरधनीको नाम | : |
| २ | ठेगाना | : |
| ३ | शेयरधनी नं./हितग्राही खाता नं | : |
| ४ | लिएको शेयर संख्या | : |
| ५ | शेयरधनीको दस्तखत | : |
| ६ | मिति | : |

यो प्रवेश पत्र साधारणसभामा भाग लिन आउँदा पेश गर्नुपर्नेछ ।

कम्पनी सचिव

# फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेड

## संक्षिप्त वार्षिक आर्थिक विवरण : २०७९/८०

नोटः प्रस्तुत विवरण, कम्पनीको वार्षिक आर्थिक विवरण तथा सञ्चालक समितिको प्रतिवेदनको संक्षिप्त विवरण मात्र हो

शेयरधनी महानुभावहरू,

यस फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेडको चौधौं वार्षिक साधारण सभाको प्रयोजनार्थ लघु वित्त वित्तीय संस्थाको आर्थिक वर्ष २०७९/८० को नेपाल राष्ट्र बैंकको लघुवित्त वित्तीय संस्थालाई जारी गरेको निर्देशन तथा नेपाल वित्तीय प्रतिवेदन मान बमोजिमको तयार गरिएको वित्तिय स्थीति विवरण, नाफा वा नोक्सान हिसाव, अन्य समष्टिगत आय विवरण, नगद प्रवाह विवरण, पुँजीकोषमा भएको परिवर्तन लगायत लघुवित्त वित्तीय संस्थाको समग्र कारोवारको सिंहावलोकन निम्नानुसार रहेको व्यहोरा यस संक्षिप्त वार्षिक आर्थिक विवरण मार्फत जानकारी गराउँदछौ ।

**क.समीक्षा आर्थिक वर्षको कारोबारको सिंहावलोकन :**

फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेडले नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त गरी २०६६ पौष २४ गतेबाट विधिवत् रुपमा कार्य शुभारम्भ गरेको यहाँहरूलाई अवगत नै छ । यस लघुवित्त वित्तीय संस्थाको २०८० अषाढ मसान्तमा विभिन्न १०० बटा ऋणी संस्थाहरू मार्फत रु. ७९२ करोड थोक कर्जा लगानीमा रहेको छ । यस लघु वित्त वित्तीय संस्थाले उपलब्ध स्रोत र साधनको समुचित प्रयोग गरी आर्थिक वर्ष २०७९/८० मा १९ करोड ८१ लाख ५४ हजार १ सय २३ रुपैया खुद मुनाफा आर्जन गर्न सफल भएको छ ।

विश्व अर्थतन्त्रमा आएको परिवर्तनको प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव नेपाली अर्थतन्त्रमा पनि परेको छ । नेपालको सन्दर्भमा पनि मूल्य एवम् बाह्य क्षेत्र स्थायित्वमा देखिएको दबाब, आर्थिक गतिविधि तथा कर्जाको मागमा आएको संकुचनको कारण लघुवित्त तथा सहकारीको क्षेत्रको बारेमा भएका नकरात्मक प्रचार प्रसारका साथै बैंक वित्तीय संस्था, लघुवित्त र सहकारी विरुद्धमा संघर्ष समितिको नाममा भए गरेका अवान्छित गतिविधिका कारण जनस्तरमानै गलत मनसाय भएका ऋणीहरुमा कर्जा नतिर्ने प्रवृत्तीको हावि भएर ऋण असुली र लगानीको वातावरण विथोलिएको छ । आर्थिक बर्षको शुरु देखिनै नेपाल राष्ट्र बैंकले खुद्रा कारोवार गर्ने लघुवित्त संस्थाहरुलाई कसिलो नीति लिदैं आएको र पछिल्लो चरणमा निर्देशन मार्फत दोहोरोपना तथा जनस्तरमा देखिएका समस्याहरुको समधान गर्न लघु वित्त संस्थाका ऋणीहरुले एकल संस्थाबाट मात्र कारोवार गर्न पाउने, कर्जाको सिमा १५ लाख बाट ७ लाखमा सिमित गरेको, सहकारी संस्थाहरुमा भएको विचलन र संघर्ष समितिको गतिविधिका कारण ऋण प्रवाहमा संकुचन, कर्जा असुलीमा दबाब जस्ता चुनौतिहरुबाट सृजित अप्ठ्याराहरुले गर्दा समीक्षा आर्थिक वर्षमा यस लघुवित्त वित्तीय संस्थालाई पनि केहि प्रत्यक्ष प्रभाव पारेको छ । समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकको नीति बमोजिम केही लघुवित्त वित्तीय संस्थाहरू गाभ्ने तथा गाभिने प्रक्रियामा गएकाले "घ" वर्गको लघुवित्त वित्तीय संस्थाहरूको संख्या न्यून हुदै गएको अवस्था रह्यो, फलस्वरुप २०७९ आषाढ मसान्तमा लघुवित्त वित्तीय संस्थाहरूको कूल संख्या ६५ रहेकोमा २०८० आषाढ मसान्त सम्म आइपुग्दा यो संख्या ५७ मा सीमित रहन गएको छ ।

समीक्षा आर्थिक वर्षमा विपन्न वर्ग कर्जाको मागमा कमि र तिव्र दरले वढदो जोखिमका बावजुत यस संस्थाले व्यवसायिक सम्बन्ध, संस्थागत क्षमता तथा दक्षताको अधिकतम् उपयोग गरी श्रोतको यथोचित व्यवस्थापन गरेको छ । समग्र अर्थतन्त्र तथा वित्तीय बजारको कठिन अवस्थामा समेत यस लघुवित्त वित्तीय संस्थाले सम्भावित जोखिमको आंकलन गरी व्यवसायको विस्तारलाई भन्दा गुणस्तरलाई प्राथमिकताको रणनीति अवलम्बन गरेको कारणले वित्तीय बजारमा संस्थाको भाखा नाघेको कर्जाको बाबजुत पनि समग्र आर्थिक तथा वित्तीय अवस्थामा सन्तुलन कायम गर्न सफल भएका छौं ।

First Microfinance

पछिल्लो ५ आर्थिक वर्षको संक्षिप्त वित्तीय स्थिति र उपलब्धिहरू यस प्रकार रहेको छ ।

रकम रु. करोडमा

| आर्थिक बर्ष | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|
| कर्जा तथा सापट (खुद) | ५५५ | ५५६ | ८१८ | १,०३९ | ७६५ |
| तरल सम्पत्ति तथा लगानी | ५५ | ७४ | १५७ | ४९ | १४१ |
| स्थीर तथा अन्य सम्पत्ति | ४ | ३ | ५ | ७ | ७ |
| **कुल सम्पत्ति** | ६१३ | ६३३ | ९८० | १,०९६ | ९१३ |
| शेयर पूँजी | ६८ | ८० | ८८ | ९६ | ११५ |
| संचित मुनाफा तथा जगेडा कोष | २३ | २५ | २७ | ४३ | ४४ |
| तिर्न बाँकी सापट | ५१४ | ५२३ | ८६१ | ९४६ | ७४७ |
| अन्य दायित्वहरु | ७ | ५ | ५ | १० | ८ |
| **कुल दायित्व तथा पूँजी** | ६१३ | ६३३ | ९८० | १,०९६ | ९१३ |
| खुद व्याज आम्दानी | २६ | २५ | २७ | ४३ | ४३ |
| संचालन मुनाफा | २० | १९ | २० | ३७ | २९ |
| **खुद मुनाफा** | १३ | १४ | १५ | २६ | २० |
| प्रति शेयर आम्दानी | १९.११ | १८.१६ | १७.६१ | २६.६५ | १७.२६ |
| पुँजी कोष (प्रतिशतमा) | १६.७६% | १७.९६% | १३.११% | १३.९३% | २०.२०% |
| निष्कृय कर्जा (प्रतिशतमा) | ०.००% | ०.००% | ०.००% | ०.००% | ०.६६% |

**ख) प्रतिवेदनको समीक्षा र आर्थिक वर्षको उपलब्धि**

यस लघु वित्त वित्तीय संस्थाले आफ्नो सेवा विस्तार गर्दा सन्तोषजनक रूपमा सञ्चालित नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त 'घ' वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई र सामुदायिक रुपमा संचालित भई लघुवित्त तथा लघुउद्यम कर्जा कारोवार गरिरहेका सहकारी संस्थाहरुलाई प्राथमिकता दिईएको छ । यस लघुवित्त वित्तीय संस्थाले आर्थिक वर्ष २०७९/८० भरिमा रु. ३८३ करोड नयाँ कर्जा स्वीकृत रु. ३६७ करोड थोक कर्जा प्रवाह गरेको छ । संस्थाहरुलाई उपलब्ध गराईएको भुक्तानी तालिका बमोजिम रु. ६२९ करोड साँवा रकम असुली भएको छ । समिक्षा आर्थिक वर्षको अन्तमा ०.६६ प्रतिशत निष्कृय कर्जा रहेको छ । ति ऋणी संस्थाहरुले २५ लाख भन्दा बढी सदस्यहरुसँग ऋणको कारोवार गरि रहेका छन् । थोक लघुकर्जा सम्बन्धी जोखिम न्यूनिकरण गर्ने कार्यमा यस लघुवित्त वित्तीय संस्था सदैव आवधिक समीक्षाका साथ सचेत रहँदै आइरहेको छ । थोक लघुकर्जा व्यवस्थापन र लगानीमा गरिएको सतर्कता तथा आवश्यक प्रयासको फलस्वरूप प्रारम्भदेखि नै निरन्तर रूपमा निष्क्रिय कर्जा शून्य प्रतिशत कायम गर्न यो लघुवित्त वित्तीय संस्था सफल भएकोमा अब निष्कृय कर्जा शुन्य स्तरमा झार्नु चुनौति बनेको छ ।

यसका अतिरिक्त साझेदार संस्थाको आवधिक रुपमा जोखिम स्तर निर्धारण गरी सोका आधारमा स्थलगत अनुगमन गर्ने र आवश्यक परेमा उच्च जोखिमयुक्त साझेदार संस्थासँग कर्जा असुली गर्ने लगायतका सुधारका प्रक्रियाहरु अवलम्वन गरिएको छ । सङ्कुचित आर्थिक क्रियाकलाप, लघुवित्तको क्षेत्रमा बढ्दो प्रतिस्पर्धाले व्यवसाय विस्तारमा पारेको प्रभाव आदि अप्ठ्याराका बावजूद कार्यक्षेत्र तथा कारोवारको दायरा फराकिलो पार्न र उपलब्ध वित्तीय स्रोतहरुको अधिकतम उपयोग गरी कार्य सम्पादन गर्न र निष्कृय कर्जा कम गर्न लघु वित्त वित्तीय संस्था प्रयासरत रहेको छ ।

यस लघुवित्त वित्तीय संस्थामा कार्यरत कर्मचारीहरुलाई संस्थाको सम्पतिको रूपमा ग्रहण गरिएको छ र समीक्षा अवधिमा कर्मचारीहरूलाई समयानुकूल प्रतिस्पर्धी बनाउन तथा ज्ञान र शीपको ताजकीकरण गर्न विभिन्न विषयमा तालिम तथा गोष्ठीहरुमा सहभागि गराइएको थियो । साथै, आगामी आर्थिक वर्षमा यस लघुवित्त वित्तीय संस्थामा कार्यरत कर्मचारीहरूको क्षमता तथा दक्षता अभिवृद्धिका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको तालिम, गोष्ठीमा अनलाइन तथा अवस्थाको मूल्याङ्कन गरी प्रत्यक्ष सहभागी गराउने योजनालाई निरन्तरता दिइने छ ।

ग) **आगामी योजना सम्बन्धमा सञ्चालक समितिको धारणा** :

यस लघुवित्त वित्तीय संस्थाले चालु आर्थिक वर्षमा नियन्त्रित रुपमा थोक लघुकर्जा विस्तार गर्ने, साझेदार लघुवित्त वित्तीय संस्थाहरुमा नै प्राथमिकतामा साथ कार्य विस्तार गर्ने, कर्जा जोखिम न्यूनीकरणका रणनीतिलाई अझ सशक्त रुपमा लागु गर्ने, कर्जा अनुगमन कार्यलाई सघन र प्रभावकारी बनाउन साझेदार लघुवित्त संस्थाहरुको नियमित सुपरिवेक्षण गर्ने, कार्यरत जनशक्तिको दक्षता विकास गर्ने, साझेदार संस्थाहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक गतिविधिहरु सञ्चालन गर्ने, वर्तमानमा भए गरेका सकारात्मक तथा सृजनात्मक कार्यलाई निरन्तरता दिने आदि रणनीतिहरु अवलम्बन गरेको छ ।

घ) **समिक्षा तथा गत आर्थिक वर्षहरुको संक्षिप्त वित्तीय विवरणहरुः**

तल उल्लेखित विवरणहरु नेपाल वित्तिय प्रतिवेदन मान (NFRS) बमोजिम तयार गरिएको हो ।

First Microfinance

## फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेड
वित्तीय अवस्थाको विवरण (वासलात)
२०८० साल आषाढ मसान्तको

रकम रु

| | अनुसुची | ३१ असार २०८० | ३२ असार २०७९ |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| नगद तथा नगद समान | ४.१ | १,१६८,४८३,८५० | ८८,२०४,११९ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ४.२ | १३७,८१८,४७५ | ५०,८१८,४७५ |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ४.३ | १००,०००,००० | ३५०,०००,००० |
| व्यूत्पन्न वित्तीय उपकरण सम्पत्ति | ४.४ | - | - |
| अन्य व्यापारिक सम्पत्तिहरु | ४.५ | - | - |
| लघुवित्त वित्तीय संस्था तथा सहकारी संस्थालाई कर्जा तथा सापट | ४.६ | ७,६५६,२१५,८१२ | १०,३९२,१६३,७६० |
| ग्राहकलाई कर्जा तथा सापट (कर्मचारीहरु) | ४.७ | २०,८२७,२९४ | १८,९४३,३६३ |
| धितोपत्रमा लगानी | ४.८ | १,३०५,६०० | १,३०५,६०० |
| चालु आयकर सम्पत्ति | ४.९ | - | - |
| सम्पत्तिमा लगानी | ४.१० | - | - |
| सम्पत्ति तथा उपकरण | ४.११ | ८,०६१,९५० | ९,५६२,५६५ |
| ख्याती र अमुर्त सम्पत्ति | ४.१२ | - | १०७,९७७ |
| स्थगन कर सम्पत्ति | ४.१३ | ३,११७,४४६ | २,८५६,२६० |
| अन्य सम्पत्ति | ४.१४ | ३८,६०७,२३६ | ४१,८३६,७४९ |
| **कुल सम्पत्ति** | | **९,१३४,५१७,६६३** | **१०,९५५,७९८,८६८** |
| **दायित्व** | | | |
| बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी | ४.१५ | - | - |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी | ४.१६ | - | - |
| यूत्पन्न वित्तीय उपकरण दायित्व | ४.१७ | - | - |
| ग्राहकबाट निक्षेप | ४.१८ | - | - |
| तिर्न बाँकी सापट | ४.१९ | ७,४६५,०४१,९४८ | ९,४५७,६३६,५५१ |
| चालु आयकर दायित्व | ४.९ | ७,१९१,९६७ | १२,३९९,७११ |
| व्यवस्थाहरु | ४.२० | - | - |
| स्थगन कर दायित्व | ४.१३ | - | - |
| अन्य दायित्व | ४.२१ | ७८,३२८,७०७ | ८९,४१४,४७१ |
| निष्काशन गरिएका ऋणपत्र | ४.२२ | - | - |
| सहायक आवधिक दायित्व | ४.२३ | - | - |
| **कुल दायित्व** | | **७,५५०,५६२,६२२** | **९,५५९,४५०,७३३** |
| **पूँजी** | | | |
| शेयर पूँजी | ४.२४ | १,१४७,७४५,९५६ | ९६४,४९२,४०० |
| शेयर प्रिमियम | | - | - |
| संचित मुनाफा | | १८१,५७६,१३३ | २१९,९४०,८९१ |
| जगेडा तथा कोषहरु | ४.२५ | २५४,६३२,९५२ | २११,९१४,८४५ |
| **कुल पूँजी** | | **१,५८३,९५५,०४१** | **१,३९६,३४८,१३६** |
| **कुल दायित्व तथा पूँजी** | | **९,१३४,५१७,६६३** | **१०,९५५,७९८,८६८** |
| संम्भावित दायित्व तथा प्रतिवद्दता | ४.२६ | - | - |
| प्रति शेयर खुद सम्पत्ति | | १३८.०१ | १४४.७८ |

## फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेड

### नाफा वा नोक्सान विवरण

श्रावण १, २०७९ देखि ३१ आषाढ २०८० सम्म

रकम रु

| | अनुसुची | २०७९।८० | २०७८।७९ |
|---|---|---|---|
| व्याज आम्दानी | ४.२७ | १,४३१,७५६,४९१ | १,२६७,००६,४५३ |
| व्याज खर्च | ४.२८ | (९९८,५००,१३९) | (८४१,५३३,७८६) |
| **खुद व्याज आम्दानी** | | ४३३,२५६,३५२ | ४२५,४७२,६६७ |
| शुल्क तथा कमिशन आम्दानी | ४.२९ | ५२,७८७,३७८ | ७५,९८५,८६४ |
| शुल्क तथा कमिशन खच | ४.३० | (११,५००,८६९) | (६,२२२,०८३) |
| **खुद शुल्क तथा कमिशन आम्दानी** | | ४१,२८६,५०९ | ६९,७६३,७८१ |
| **खुद व्याज, शुल्क तथा कमिशन आम्दानी** | | ४७४,५४२,८६१ | ४९५,२३६,४४८ |
| खुद व्यापारिक आम्दानी | ४.३१ | - | - |
| अन्य संचालन आम्दानी | ४.३२ | - | - |
| **कुल संचालन आम्दानी** | | ४७४,५४२,८६१ | ४९५,२३६,४४८ |
| कर्जा तथा अन्य सम्पत्तिमा हानी/नोक्सानीको (व्यवस्था)/फिर्ता | ४.३३ | (११६,५८०,९४३) | (४३,२५३,५५४) |
| **खुद संचालन आम्दानी** | | ३५७,९६१,९१८ | ४५१,९८२,८९४ |
| **संचालन खर्च** | | (७१,४७६,८९३) | (८०,१४९,७०३) |
| कर्मचारी खर्च | ४.३४ | (५५,७७९,१०३) | (६४,२६२,९०१) |
| अन्य संचालन खर्च | ४.३५ | (१३,४४३,१२०) | (१३,६१६,००२) |
| मुल्यह्रास र परिषोधन | ४.३६ | (२,२५४,६७०) | (२,२७०,८००) |
| **संचालन मुनाफा** | | २८६,४८५,०२५ | ३७१,८३३,१९१ |
| गैर संचालन आम्दानी | ४.३७ | - | - |
| गैर संचालन खर्च | ४.३८ | - | - |
| **आयकर अघिको मुनाफा** | | २८६,४८५,०२५ | ३७१,८३३,१९१ |
| आयकर खर्च/(आम्दानी) | ४.३९ | | - |
| चालु आयकर | | (८८,७२९,०९२) | (११४,७७८,४११) |
| स्थगन कर | | ३९८,१९० | (१,८०२) |
| **यस वर्षको मुनाफा** | | १९८,१५४,१२३ | २५७,०५२,९७८ |
| **नाफा बाँडफाँड** | | | |
| लघुवित्त वित्तीय संस्थाको शेयरधनी | | १९८,१५४,१२३ | २५७,०५२,९७८ |
| **यस वर्षको मुनाफा** | | १९८,१५४,१२३ | २५७,०५२,९७८ |
| | | | |
| प्रति शेयर आम्दानी | | १७.२६ | २६.६५ |
| डाइलुटेड प्रति शेयर आम्दानी | | १७.२६ | २६.६५ |

First Microfinance

फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेड

अन्य विस्तृत आम्दानीको विवरण

श्रावण १, २०७९ देखि ३१ आषाढ २०८० सम्म

रकम रु

| | अनुसुची | २०७९।८० | २०७८।७९ |
|---|---|---|---|
| **यस वर्षको मुनाफा** | | १९८,१५४,१२३ | २५७,०५२,९७८ |
| **आयकर पछिको अन्य विस्तृत आम्दानी** | | | |
| **क) नाफा/(नोक्सान) मा पुन:वर्गिकरण गर्न नसकिने वुँदाहरु** | | | |
| इक्विटी उपकरण लगानीलाई फेयर भेल्युमा मुल्याङ्कन गरिदाँ भएका नाफा/(नोक्सान) | | - | - |
| पुर्न: मुल्याङ्कनबाट भएका नाफा/(नोक्सान) | | - | - |
| परिभाषित लाभ योजनाबाट विमाङ्किक नाफा/(नोक्सान) | | १९०,०१४ | ५००,५७४ |
| माथि उल्लेख गरिएका वुँदाको आयकर | | (५७,००४) | (१५०,१७२) |
| **नाफा/(नोक्सान) मा पुर्न: वर्गीकरण नगरिएका अन्य खुद विस्तृत आम्दानी** | | | |
| **ख) नाफा/(नोक्सान)मा पुन: वर्गीकरण गरिएका वा गर्न सकिने वुँदाहरु** | | - | - |
| नगद प्रवाहको हेजिङ्गबाट भएको नाफा/(नोक्सान) | | - | - |
| विदेशी विनिमय संचालनको वित्तीय सम्पत्ति विनिमयबाट भएको सटही नाफा/(नोक्सान) | | - | - |
| माथि उल्लेख गरिएका वुँदाको आयकर | | - | - |
| नाफा/(नोक्सान) मा वर्गीकरण गरिएका | | - | - |
| **नाफा/(नोक्सान) मा पुन: वर्गीकरण गरिएका वा गर्न सकिने अन्य खुद विस्तृत आम्दानी** | | - | - |
| **यस वर्षको आयकर पछिको अन्य विस्तृत आम्दानी** | | - | - |
| **यस वर्षको कुल विस्तृत आम्दानी** | | १९८,२८७,१३३ | २५७,४०३,३८० |
| **यस अवधिको कुल विस्तृत आम्दानी** | | १९८,२८७,१३३ | २५७,४०३,३८० |

First Microfinance

## फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेड

### नगद प्रवाह विवरण

### श्रावण १, २०७९ देखि ३१ आषाढ २०८० सम्म

| | | रकम रु |
|---|---|---|
| | २०७९।८० | २०७८।७९ |
| **संचालन गतिविधिबाट नगद प्रवाह** | | |
| व्याज प्राप्ती | १,४२९,८७२,५६० | १,२६५,४६३,०४८ |
| शुल्क तथा अन्य आम्दानी प्राप्ती | ५२,९८१,५१५ | ७५,९८५,८६४ |
| लाभांश प्राप्ती | - | - |
| अन्य संचालन गतिविधिबाट प्राप्ती | - | - |
| व्याज भुक्तानी | (९९४,३०८,६४९) | (८२९,३०२,६७५) |
| कमिशन तथा शुल्क भुक्तानी | (११,५००,८६९) | (६,२२२,०८३) |
| कर्मचारीलाई भुक्तानी | (६१,७७९,२९८) | (४१,३१८,१८१) |
| अन्य खर्च भुक्तानी | (१३,४२६,८४४) | (१३,५३१,६७५) |
| **संचालन सम्पत्ति/दायित्वमा परिवर्तन अघिको नगद प्रवाह** | **४०१,८३८,४१५** | **४५१,०७४,२९८** |
| **संचालन सम्पत्तिमा कमि/(वृद्धि)** | | |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दातमा कमी/(वृद्धि) | - | - |
| बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दातमा कमी/(वृद्धि) | २५०,०००,००० | ४००,०००,००० |
| अन्य व्यापारिक सम्पत्तिमा कमी/(वृद्धि) | - | |
| लघुवित्त तथा सहकारी संस्थाहरुलाई दिइएको कर्जा तथा सापटीमा कमी/(वृद्धि) | २,६१९,३६७,००५ | (२,२५६,०८०,२१०) |
| ग्राहकलाई दिइएको कर्जा तथा सपटीमा कमी/(वृद्धि) | (१,८८३,९३१) | (६,०६३,४५३) |
| अन्य सम्पत्तिमा कमी/(वृद्धि) | १,००६,७३० | (१२,१२९,४६५) |
| **संचालन दायित्वमा कमी/(वृद्धि)** | | |
| बैंक तथा वित्तीय संस्थाहरुलाई तिर्न बाँकी रकममा (कमी)/वृद्धि | - | - |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकममा (कमी)/वृद्धि | - | - |
| निक्षेप दायित्वमा (कमी)/वृद्धि | - | - |
| तिर्न बाँकी सापटमा (कमी)/वृद्धि | (१,९९२,५९४,६०३) | ८४६,१९१,७५३ |
| अन्य दायित्वमा (कमी)/वृद्धि | (६,४२०,१८४) | ३,४४३,०१६ |
| **आयकर अघिको संचालन गतिविधिबाट खुद नगद प्रवाह** | **१,२७१,३१३,४३२** | **(५७३,५६४,०६१)** |
| आयकर भुक्तानी | (९३,९३६,८३६) | (१०२,३७८,७००) |
| **संचालन गतिविधिबाट खुद नगद प्रवाह** | **१,१७७,३७६,५९६** | **(६७५,९४२,७६१)** |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | | |
| लगानी उपकरणको खरिद | - | - |
| लगानी उपकरणको बिक्रि | - | - |
| बैंक तथा वित्तीय संस्थामा राखिएको लगानीमा बृद्धि/कमी | - | - |
| स्थिर सम्पत्तिको खरिद/बिक्री | (६४६,०७८) | (२४९,३७०) |
| अमूर्त सम्पत्तिको खरिद | - | - |
| अमूर्त सम्पत्तिको बिक्री | - | - |
| लगानी सम्पत्तिको खरिद | - | - |
| लगानी सम्पत्तिको बिक्रि | - | - |
| व्याज प्राप्ती | १९४,१३७ | - |
| लाभांश प्राप्ती | - | - |
| **लगानी गतिविधिमा प्रयोग भएको खुद नगद** | **(४५१,९४१)** | **(२४९,३७०)** |
| वित्तीय गतिविधिबाट नगद प्रवाह | - | - |
| ऋणपत्र निष्काशनबाट प्राप्त | - | - |
| ऋणपत्रको भुक्तानी | - | - |
| आवधिक दायित्वको निष्काशनबाट प्राप्त | - | - |
| आवधिक दायित्वको भुक्तान | - | - |
| शेयर निष्काशनबाट प्राप्त | - | - |
| लाभांश भुक्तानी | (९,६४४,९२४) | (४,६१४,८००) |
| ब्याज भुक्तानी | - | - |
| अन्य प्राप्ति/भुक्तानी | - | - |
| **वित्तीय गतिविधिबाट नगद** | **(९,६४४,९२४)** | **(४,६१४,८००)** |
| **नगद तथा नगद समानमा भएको खुद (घट)/बढ** | १,१६७,२७९,७३१ | (६८०,८०६,९३१) |
| बर्षको शुरुमा रहेको नगद तथा नगद समान | १३९,०२२,५९४ | ८१९,८२९,५२५ |
| नगद तथा नगद समानमा विनिमय दरको उतारचढावको असर | - | - |
| बर्ष अन्तमा रहेको नगद तथा नगद समान | **१,३०६,३०२,३२५** | **१३९,०२२,५९४** |

## फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेड
### इक्विटीमा भएका परिवर्तनको विवरण
### श्रावण १, २०७९ देखि ३१ आषाढ २०८० सम्म

रकम रु.

| विवरण | शेयर पूँजी | साधारण जगेडा कोष | सटही समिकरण कोष | नियामक कोष | कर्मचारी दक्षता अभिवृद्धि कोष | फेयर भेल्यू कोष | पुनर्मुल्यांकन कोष | संचित मुनाफा | ग्राहक संरक्षण कोष | संस्थागत सामाजिक उत्तरदायित्व कोष | अन्य कोष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| श्रावण १, २०७८ सालको मौज्दात | ८७६,८११,२०० | १४७,४९२,४९१ | - | - | | (४८६,०८०) | - | ११३,३६४,०७९ | ३,१३१,३९९ | १,९२०,०३८ | ४८१,६९८ | १,१४२,८२१,९२५ |
| यस वर्षको विस्तृत आम्दानी | | | | | | | | | | | | |
| **यस वर्षको मुनाफा** | - | - | - | - | | | | २५७,०५२,९७८ | | | | २५७,०५२,९७८ |
| यस वर्ष समायोजन तथा पुर्नस्थापना | | | | | | | | - | | | | |
| **यस वर्षको आयकर पछिको अन्य विस्तृत आम्दानी** | | | | | | | | | | | | - |
| इक्विटी उपकरण लगानीलाई फेयर भेल्युमा मुल्याङ्गन गरिदाँ भएका नाफा/(नोक्सान) | | | | | | - | | | | | | - |
| पुर्नः मुल्याङ्गनबाट भएका नाफा/ (नोक्सान | | | | | | | | | | | | |
| परिभाषित लाभ योजनाबाट विमाङ्किक नाफा/(नोक्सान) | | | | | | - | | ३५०,४०२ | | | | ३५०,४०२ |
| नगद प्रवाहको हेजिङबाट भएको नाफा/(नोक्सान | | | | | | | | - | | | | - |
| वदेशी विनिमय संचालनको वित्तीय सम्पत्ति विनिमयबाट भएको सटही नाफा/(नोक्सान) | | | | | | | | - | | | | - |
| यस वर्षको विस्तृत आम्दानी | | | | | | | | २५७,४०३,३८० | | | | २५७,४०३,३८० |
| यस वर्ष कोषमा सारिएको रकम | | | | | | | | | | | | |
| यस वर्ष कोषबाट फिर्ता गरिएका रकम | | | | | | | | | | | | |
| **सिधै इक्विटीमा देखाइएको शेयरधनी सँगको कारोवार** | | | | | | | | | | | | |
| शेयर निष्कासन | - | | - | - | | | | - | | | | - |
| शेयरमा आधारित भुक्तानीहरु | | | | | | | | | | | | |
| **शेयरधनीलाई लाभांश** | | | | | | | | | | | | |
| वोनस शेयर | ८७,६८१,२०० | | - | - | | | | (८७,६८१,२००) | | | | - |
| नगद लाभांश | - | | | | | | | (४,६१४,८००) | | | | (४,६१४,८००) |
| साधारण जगेडा कोषमा रकमान्तर | - | ५१,४१०,५९६ | - | - | | | | (५१,४१०,५९६) | | | | - |
| कर्मचारी दक्षता अभिवृद्धि कोष | | | | | १६०,००० | | | (१६०,०००) | | | | - |
| अघिल्लो वर्षको पट्टा दायित्व समायोजन | | | | | | | | १,३९५,६१७ | | | | १,३९५,६१७ |
| कल्याणकारी कोषबाट सारिएको रकम | | | | | | | | ९१,५८८ | | | | ९१,५८८ |
| ग्राहक संरक्षण कोषको उपयोगीता | | - | | | | | | - | (१,०४१,५३३) | | | (१,०४१,५३३) |
| ग्राहक संरक्षण कोषका लगानी फिर्ता रकम | | | | | | | | - | २९१,९५८ | | | २९१,९५८ |
| ग्राहक संरक्षण कोष | - | - | - | - | | | | (२,५७०,५३०) | २,५७०,५३० | | | - |
| संस्थागत सामाजिक उत्तरदायित्व कोषको उपयोगीता | | - | | | | | | ३८६,६२४ | | (३८६,६२४) | | - |
| संस्थागत सामाजिक उत्तरदायित्व कोष | | - | | | | | | (२,५७०,५३०) | | २,५७०,५३० | | - |
| नियामक कोषमा जम्मा गरिएको | | | | ३,३४२,३४० | | | | (३,३४२,३४०) | | | | - |
| एक्चुरियल नाफा अन्य कोषमा जम्मा | | | | | | | | (३५०,४०२) | | | ३५०,४०२ | - |
| **आषाढ ३२, २०७९ को अन्त्यमा मौज्दात** | ९६४,४९२,४०० | १९९,००३,१८७ | - | ३,३४२,३४० | १६०,००० | (४८६,०८०) | - | २१९,९४०,८९१ | ४,९५२,३५४ | ४,११०,९४४ | ८३२,१०० | १,३९६,३४८,१३५ |

बाँकी अर्को पृष्ठमा

First Microfinance

अघिल्लो पृष्ठको बाँकी अंश

| विवरण | शेयर पूँजी | साधारण जगेडा कोष | सटही समिकरण कोष | नियामक कोष | कर्मचारी दक्षता अभिवृद्धि कोष | फेयर भेल्यू कोष | पुनर्मूल्यांकन कोष | संचित मुनाफा | ग्राहक संरक्षण कोष | संस्थागत सामाजिक उत्तरदायित्व कोष | अन्य कोष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| श्रावण १, २०७९ सालको मौज्दात | ९६४,४९२,४०० | १९९,००३,१८७ | - | ३,३४२,३४० | १६०,००० | (४८६,०८०) | - | २१९,९४०,८९१ | ४,९५२,३५४ | ४,११०,९४४ | ८३२,१०० | १,३९६,३४८,१३५ |
| यस वर्षको विस्तृत आम्दानी | | | | | | | | | | | | |
| **यस वर्षको मुनाफा** | - | - | - | - | | | | १९८,१५४,१२३ | | | | १९८,१५४,१२३ |
| यस वर्ष समायोजन तथा पुर्नस्थापना | | | | | | | | - | | | | |
| **यस वर्षको आयकर पछिको अन्य विस्तृत आम्दानी** | | | | | | | | | | | | - |
| इक्विटी उपकरण लगानीलाई फेयर भेल्युमा मुल्याङ्न गरिदाँ भएका नाफा/(नोक्सान) | | | | | | - | | | | | | - |
| पुर्न: मुल्याङ्नबाट भएका नाफा/ (नोक्सान | | | | | | | | | | | | |
| परिभाषित लाभ योजनाबाट विमाङ्किक नाफा/(नोक्सान) | | | | | | - | | १३३,०१० | | | | १३३,०१० |
| नगद प्रवाहको हेजिङ्गबाट भएको नाफा/(नोक्सान | | | | | | | | - | | | | - |
| वदेशी विनिमय संचालनको वित्तीय सम्पत्ति विनिमयबाट भएको सटही नाफा/(नोक्सान) | | | | | | | | - | | | | - |
| यस वर्षको विस्तृत आम्दानी | | | | | | | | १९८,२८७,१३३ | | | | १९८,२८७,१३३ |
| यस वर्ष कोषमा सारिएको रकम | | | | | | | | | | | | |
| यस वर्ष कोषबाट फिर्ता गरिएका रकम | | | | | | | | | | | | |
| **सिधै इक्विटीमा देखाइएको शेयरधनी सँगको कारोबार** | | | | | | | | | | | | |
| शेयर निष्कासन | - | | - | - | | | | - | | | | - |
| शेयरमा आधारित भुक्तानीहरु | | | | | | | | | | | | |
| **शेयरधनीलाई लाभांश** | | | | | | | | | | | | |
| वोनस शेयर | १८३,२५३,५५६ | | - | - | | | | (१८३,२५३,५५६) | | | | - |
| नगद लाभांश | - | | | | | | | (९,६४४,९२४) | | | | (९,६४४,९२४) |
| साधारण जगेडा कोषमा रकमान्तर | - | ३९,६३०,८२५ | - | - | | | | (३९,६३०,८२५) | | | | - |
| कर्मचारी दक्षता अभिवृद्धि कोष | | | | | ८०,७५० | | | (८०,७५०) | | | | - |
| कल्याणकारी कोषबाट सारिएको रकम | | | | | | | | ४५२,४४७ | | | | ४५२,४४७ |
| ग्राहक संरक्षण कोषको उपयोगीता | | - | | | | | | - | (१,३९८,८५२) | | | (१,३९८,८५२) |
| ग्राहक संरक्षण कोषका लगानी फिर्ता रकम | | | | | | | | - | १९४,१३७ | | | १९४,१३७ |
| ग्राहक संरक्षण कोष | - | - | - | - | | | | (१,९८१,५४१) | १,९८१,५४१ | | | - |
| संस्थागत सामाजिक उत्तरदायित्व कोषको उपयोगीता | | - | | | | | | - | | (२८३,०३५) | | (२८३,०३५) |
| संस्थागत सामाजिक उत्तरदायित्व कोष | | - | | | | | | (१,९८१,५४१) | | १,९८१,५४१ | | - |
| नियामक कोषमा जम्मा गरिएको | | | | ३९८,१९० | | | | (३९८,१९०) | | | | - |
| एक्चुरियल नाफा अन्य कोषमा जम्मा | | | | | | | | (१३३,०१०) | | | १३३,०१० | - |
| **आषाढ ३१, २०८० को अन्त्यमा मौज्दात** | १,१४७,७४५,९५६ | २३८,६३४,०११ | - | ३,७४०,५३० | २४०,७५० | (४८६,०८०) | - | १८१,५७६,१३३ | ५,७२९,१८० | ५,८०९,४५१ | ९६५,११० | १,५८३,९५५,०४१ |

**लेखा परीक्षकको मन्तव्य**

हाम्रो रायमा, संलग्न वित्तीय विवरणहरुले फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तिय संस्था लिमिटेडको २०८० आषाढ ३१ गतेको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा र नगद प्रवाहको प्रचलित कानुनका अधिनमा रही लागू गर्न सकिने हदसम्म नेपाल लेखामान अनुसार यथार्थ चित्रण गर्दछ ।

सि.ए. प्रकाश लम्साल
पार्टनर
पि.एल.आर.जि. एण्ड एसोसिएट्स,
चार्टड एकाउन्टेन्टस्
काठमाण्डौ ।
UDIN Number: 231215CA00154hMfu1

P.L.R.G. Associates Chartered Accountants Kathmandu Nepal